जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २७४ २०७९ साल जेठ २६ गते बिहीबार (9 June 2022 Thursday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

सर्पको टोकाईबाट बचौं र बचाऔं ।

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : कसरी पूरा हुन्छ सन् २०४५ सम्ममा.. ३ पृष्ठमा : किसानलाई मल, विद्यार्थीलाई.. ३ पृष्ठमा : पाकिस्तान सरकारलाई ....

# ऋण दिएर चौब्बर असुल गर्ने मिटर ब्याजी साहुले प्रहरीसम्मलाई चक्मा दिँदै



मिटर ब्याजी रामदेव साहु तेलीसँग पीडित हुन पुगेका (क्रमशः बायाँबाट) तैयब अली दम्पत्ति, रामप्रसाद खत्वे र शितल यादव दम्पत्ति । ***तस्बिर : सौरव यादव***

**दैनिक समाचारदाता**
**राजविराज, २५ जेठ ।**

सप्तरीको खडक नगरपालिकास्थित कल्याणपुर घर भई हाल धरान उप महानगरपालिका वडा नम्वर १९ धनकुटे चोकमा बस्दै आएका ६७ वर्षीय रामदेव साहु तेलीले करिब १० वर्षयता सर्वसाधारणबाट मिटर ब्याजबाट करोडौं रुपैयाँ असुल गरिरहेको खुलासा भएको छ ।

मिटर ब्याजी साहुको असुल धन्दाप्रति पटक पटक जनगुनासो तथा संचारमाध्यममा समाचार प्रकाशित तथा प्रसारित हुँदा समेत प्रहरीले हालसम्म उनलाई पक्राउ गर्न सकेको छैन् । जसकारण उनी सो कार्य नडराई कन अझ सशक्त रुपमा लागिपरेको बाहिरिएको विभिन्न घटनाबाट देखिन्छ । आफ्नो जिल्ला छोडेर अन्य जिल्लामा बसोवास गर्दै गृह जिल्लामा मिटर ब्याजीको कामलाई झनै तिब्रता दिएको देखिन्छ ।

सप्तरीको बोदेबर्साइन नगरपालिका वडा नम्वर ५ का ७० बर्षीय राम प्रसाद खत्वेले घरायसी काम गर्न २०७४ सालमा खडक नगरपालिका वडा नम्वर ७ का मिटर ब्याजी रामदेव साहु तेलीसँग ५ लाख रुपैयाँ ऋण लिए । त्यसपछि उनले आफ्नो छोरी रन्जना कुमारी खत्वेको बिहेको लागि २०७५ सालमा फेरि ७ लाख रुपैयाँ ऋण लिए । त्यसका लागि उनले शम्भुनाथ नगरपालिका ११ 'क' को कित्ता नं. ४७८ को १७ कठ्ठा आफ्नो जमिन धितो राखेका थिए । राम प्रसादले अहिलेसम्म सो रकमको ब्याज वापत रामदेव साहु तेलीलाई ४० लाख रुपैयाँ बुझाइसके । तर, रामदेवले धितो वापतको १७ कठ्ठा जमिन अझैं फिर्ता दिएका छैनन् ।

जिल्लाको बोदेबर्साइन नगरपालिका वडा नम्वर ७ का मोहम्मद तैयब अलीको पनि समस्या उस्तै छ । छोरी खुश्मुदा खातुनको बिहेको लागि २०७१ सालमा १ विघा १० कठ्ठा घरसहित जग्गा रामदेव साहु तेलीको नाममा पास गरेर ३८ लाख रुपैयाँ लिएका ऋणमा उनले २०७३ साल ७ महिना ३ गते ८ लाख २०७४ साल बैशाखमा १५ लाख कार्तिकमा ११ लाख र पैसामा ९ लाख रुपैयाँ र अन्य गरि ९५ लाख रुपैयाँ तिरिसके । तर उनको पनि घर सहितको जग्गा फिर्ता गरेका छैनन् ।

यस्तै ललिता मण्डलको समस्या पनि उनीहरु भन्दा फरक छैन् । जिल्लाको शम्भुनाथ नगरपालिका वडा नम्वर २ की उनी जग्गा किन्न भनेर १० लाख रुपैयाँ ऋण लिइन् । भए भरको जग्गा पास गरेर नयाँ जग्गा किनेकी थिइन् ललिताले । १० वर्षअघि १० लाख रुपैयाँ लिएको ऋणमा उनले ३२ लाख रुपैयाँ तिरिसक्दा पनि उनको जग्गा अझैं मिटर ब्याजी रामदेवले फिर्ता गरेका छैनन् । वैदेशिक रोजगारीमा मलेसिया पुगेका ललिताका श्रीमान् दिनेश मण्डल १० वर्ष त्यहाँ बसेर फर्किए । श्रीमान्ले १० वर्षसम्मै कमाएको पैसा समेत ब्याज तिर्नैमा सकिएको उनले सुनाइन् ।

बोदेबर्साइन नगरपालिका ९ का शीतल यादवले २०६५ सालमा उनै रामदेव साहुलाई साढे १२ कट्ठा जग्गा पास गरेर २ लाख ७० हजार रुपैयाँ छोरालाई बैदेशिक रोजगारीमा पठाउने लिएका थिए । तर, अहिलेसम्म सावाँ ब्याज गरेर १२ लाख तिरिसकेको उनीबाट साहुले ४४ लाख रुपैयाँ अझ चाहियो भन्दै अनिमात्र जग्गा फिर्ता दिने धम्की दिदै आएका छन् ।

मिटर ब्याजी रामदेव साहु तेलीले ऋणी एक महिलालाई पटक-पटक बलात्कार गरेको आरोप लागेको छ । साहुले आफ्नो हडपेको जग्गा फिर्ता दिने भन्दै शम्भुनाथ नगरपालिका ११ की ढिलादेवी (नाम परिवर्तन) ले बारम्बार बलात्कार गरेको आरोप लगाइन । उनले ब्याजको पैसा तिर्न गएको बेला कोठामा बोलाएर बलात्कार गऱ्यो, दुई पटक त गर्भवती पनि भए तर औषधी खुवाएर गर्भ तुहाएको सुनाइन् । उनका अनुसार श्रीमान् वैदेशिक रोजगारमा गइरहेको बेला साहुसँग ऋण लिएकी थिइन् ।

यता उनका श्रीमानले ऋणको बहानामा श्रीमतिलाई बलात्कार गर्ने साहुलाई हदैसम्म कारवाही हुनुपर्ने माग गरेका छन् । '२०७८ मंसिर १२ गते हामीले बलात्कार गर्ने साहुमाथि जाहिरी हाल्न पुग्दा प्रहरीले जाहिरी लिन मानेन' उनले भने-'त्यसपछि हामीले दोस्रो दिन १३ गते हामीले जिल्ला हुलाक कार्यालयमार्फत जिल्ला प्रहरी कार्यालयमा जाहिरी पठाएर उच्च अदालत जनकपुर, राजविराज इजलासबाट परमादेश माग गरेका छौं ।'

साहुकर रामदेवले यसैगरी ठगी गरेको भन्दै उनीसहित उनका श्रीमती ६५ बर्षीया शिव कुमारी देवी साहु, छोरा ४४ बर्षीय नन्द किशोर साह, छोरी ४५ बर्षीया रेणु कुमारी साह, अर्की छोरी ४० बर्षीया अनुराधा साहविरुद्ध ईलाका प्रहरी कार्यालय कल्याणपुरमा अहिलेसम्म १० जना पीडितले मुद्दा दर्ता गराइसकेका छन् ।

राम प्रसाद खत्वेसहित १० जनाले ठगी तथा आपराधिक विश्वासघात मुद्दा दर्ता गरेको ३ महिना बितिसक्दा पनि प्रहरीले अझैं साहुकार रामदेव साहु तेलीलाई पक्राउ गरेको छैन । ईलाका प्रहरी कार्यालय कल्याणपुरले मालपोत कार्यालय सप्तरीमा रहेको उनका जग्गाहरु रोका गरेको छ । तर, अझै उनलाई पक्राउ गरेको छैन् । सप्तरी प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक माधव प्रसाद काफ्लेले सप्तरी जिल्ला अदालतले अनुमति नदिँदा उनलाई पक्राउ नगरिएको बताए ।

यसैबीच बोदेबर्साइन नगरपालिका मेयर आतेश कुमार सिंहले चर्को ब्याज लिएर सर्वसाधारणलाई उठिवास गराउने जस्ता अपराध गर्नेलाई कानूनी दायरामा ल्याउनुपर्नेमा जोड दिएका छन् । उठिवास गराउने जस्ता अपराध गराउनेलाई कानूनी दायरामा ल्याएर हदैसम्मको कारवाही हुनुपर्ने उनको माग छ ।

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रोत्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# कसरी पूरा हुन्छ सन् २०४५ सम्ममा कार्बन शून्य उत्सर्जनमा पुऱ्याउने लक्ष्य

**भीष्मराज ओझा**
काठमाडौं, २५ जेठ (रासस)।

नेपालले जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, कोप-२६ मा नेपाली अर्थतन्त्रका सबै क्षेत्रलाई कार्बनरहित बनाउने महत्वाकाङ्क्षी योजनासहितको राष्ट्रिय जलवायु योजना (एनडिसी) पेस गरेको जनाउँदै सन् २०४५ भित्र विशुद्ध शून्य उत्सर्जनमा पुग्ने लक्ष्यको प्रतिबद्धता व्यक्त गरेको थियो।

संयुक्त अधिराज्यको ग्लास्गोमा कोप-२६ का अवसरमा गत नोभेम्बर १ देखि २ तारिखसम्म भएको ‘विश्व नेताहरूको शिखर सम्मेलन’मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व सम्हाल्नुभएका प्रधानमन्त्री शेरबहादुर देउवाले सन् २०३० भित्र नेपालका कूल ऊर्जा मागको १५ प्रतिशत स्वच्छ ऊर्जा स्रोतबाट परिपूर्तिको सुनिश्चितता गर्ने र देशको ४५ प्रतिशत भूखण्ड वन क्षेत्रले ढाक्ने वाचा गर्नुभएको थियो।

सम्बोधनका क्रममा उहाँले पेरिस सम्झौताको कार्यान्वयनमा नेपाल दृढतापूर्वक प्रतिबद्ध भएर लागेको र जलवायु परिवर्तनका जोखिम घटाउने राष्ट्य नीति, योजना र कार्यक्रमबारे जानकारी गराउनुभएको थियो। सम्मेलन कै तयारीका लागि सरकारले गत कात्तिक ११ गते मन्त्रिपरिषद् बैठकबाट ‘नेपालको राष्ट्रिय अनुकूलन योजना (२०२१-२०५०)’, ‘खुद शून्य उत्सर्जनमा नेपालको दीर्घकालीन रणनीति’ र ‘जलवायुजन्य हानिनोक्सानीसम्बन्धी राष्ट्रिय कार्यढाँचा’ महत्वपूर्ण कार्ययोजना पारित पनि गरेको थियो।

यी नीतिगत दस्तावेज र कार्ययोजना अन्तर्राष्ट्रिय समुदायसँग समन्वय, सहकार्य र ज्ञानसीप आदानप्रदानका लागि सम्मेलनमा समेत उच्च प्राथमिकताका साथ प्रस्तुत गरिएपछि वन तथा वातावरण मन्त्रालयको संयोजनमा कार्यान्वयका लागि अन्य मन्त्रालयसँग विभिन्न बैठक तथ छलफल जारी रहेको मन्त्रालयले जनाएको छ।

सम्मेलनमा प्रधानमन्त्री देउवाले हिमाली भेगका बासिन्दाका लागि विश्वव्यापी तापमान १.५ डिग्री सेल्सियसभन्दा मुनि रहन जरुरी रहेको उल्लेख गर्नुभएको थियो।

यसका साथै नेपालले पेरिस सम्झौता कार्यान्वयनप्रति पूर्णतः प्रतिबद्ध रहेको उल्लेख गर्दै सन् २०४५ भित्र विशुद्ध शून्य उत्सर्जनमा पुग्ने लक्ष्य राखेको र सन् २०३० भित्र कूल ऊर्जा मागको १५ प्रतिशत स्वच्छ ऊर्जा स्रोतबाट परिपूर्तिको सुनिश्चितता गर्ने प्रतिबद्धता जनाएको छ। साथै देशको ४५ प्रतिशत भूखण्ड वन क्षेत्रले ढाक्ने प्रतिवबद्धता पनि छ।

सरकारले आगामी आवको नीति तथा कार्यक्रममा खनिज इन्धनलाई स्वच्छ र नवीकरणीय ऊर्जाबाट प्रतिस्थापन गर्दै लैजाने नीति अवलम्बन गरेको छ। वन विनाशलाई सन् २०३० सम्म शून्यमा पुऱ्याउने लक्ष्यसहितको ‘ग्लास्गो घोषणा’ कार्यान्वयन गर्ने सरकारले उल्लेख गरेको छ। उक्त नीति तथा कार्यक्रमअनुसार सन् २०४५ सम्म कार्बन उत्सर्जन शून्यमा पुऱ्याउने राष्ट्रिय लक्ष्य हासिल गर्ने गरी विभिन्न निकायबाट सञ्चालित कार्यक्रमको संयोजन गरिने उल्लेख छ।

सरकारले जलवायु परिवर्तन र वातावरणीय संरक्षणसम्बन्धी रूपमा कार्यान्वयन गर्न सक्षम निकायको व्यवस्था गर्ने तथा सङ्घ, प्रदेश र स्थानीय तहमा जलवायु निर्धारित योगदान तथा राष्ट्रिय अनुकूलन योजना अघि बढाउने लक्ष्यसमेत राखेको छ। यससम्बन्धी कार्यान्वयनका लागि बजेट र नीति तथा कार्यक्रममा उल्लेख गरेका केही प्रावधानका सम्बन्धमा जनप्रतिनिधिको चासो बढेको छ। यसै सन्दर्भमा प्रतिनिधिसभाको बैठकको मङ्गलबारको बैठकमा विनियोजन विधेयक, २०७९ का विभिन्न बुँदामाथिको छलफलका क्रममा सांसदले नेपाल सरकारले सन् २०४५ सम्म कार्बन उत्सर्जन शून्यमा पुऱ्याउन गरेको प्रतिबद्धता कार्यान्वयन गर्ने ठोस योजना के के छन् भनी सरकारसँग जवाफ माग गर्नुभएको थियो।

सांसद देवेन्द्रराज कँडेलले सन् २०४५ सम्म कार्बन उत्सर्जन शून्यमा पुऱ्याउन लिएको लक्ष्य कसरी पूरा हुन्छ भनी वन मन्त्रीको जवाफ माग गर्नुभयो। विकास आयोजनाका लागि वन क्षेत्रले प्रदान गर्ने कार्यले सरकारको त्यो लक्ष्यमा पुग्न कठिन हुने उहाँको भनाइ थियो। अर्का सांसद अन्जना विशङ्खेले वनमा रूख कुहिएर नासिन लागेको अवस्थामा त्यसलाई प्रयोग गर्ने नीति नहुनु दुःखद् कुरा रहेको बताउनुभयो। सांसद रेनुका गुरुङले सन् २०४५ सम्ममा कार्बन शून्यमा पुऱ्याउन सरकारले गरेको प्रतिबद्धता पूरा गर्न ठोस योजना केके हुन स्पष्ट पार्न माग गर्नुभयो।

**यस्तो छ खुद शून्य उत्सर्जन रणनीति**

नेपालको कार्बन उत्सर्जन न्यूनीकरण लक्ष्य २०२०-२०३० मा खुद शून्य उत्सर्जन हासिल गर्ने र तत्पश्चात् एकदमै न्यून उत्सर्जन गरी सन् २०४५ मा पूर्ण खुद शून्य उत्सर्जन हासिल गर्ने लक्ष्य राखेको छ। सन् २०१९ मा नेपालको जम्मा कार्बनडाइअक्साइड उत्सर्जन सन्दर्भ परिदृष्यका आधारमा दुई करोड ३० लाख मेट्रिकटन थियो। यो परिमाण सन् २०३० मा तीन करोड ४० लाख र सन् २०५० मा सात करोड ९० लाख हुने अपेक्षा गरिएको छ। सन् २०१९ मा ऊर्जाबाहेकको उत्सर्जन ४६ प्रतिशत छ भने ऊर्जा क्षेत्रको उत्सर्जन ५४ प्रतिशत छ।

सन्दर्भ परिदृष्यमा गैरऊर्जा क्षेत्रको उत्सर्जन सन् २०५० सम्ममा विस्तारै घटेर कूल उत्सर्जनको ३२ प्रतिशतमा पुग्ने देखिन्छ। सन् २०१९ मा भू-उपयोग, भू-उपयोग परिवर्तन र वनबाट कार्बनडाइअक्साइड उत्सर्जन अनुमानित ८० लाख मेट्रिकटन थियो भने सन् २०५० सम्म यो बढेर एक करोड ७० लाख मेट्रिकटन पुग्ने अपेक्षा गरिएको छ।

विद्यमान उपायमा आधारित परिदृश्यमा खुद कार्बनडाइअक्साइड उत्सर्जन सन् २०३० मा तीन करोड मेट्रिकटनले र सन् २०५० मा पाँच करोड मेट्रिकटनले घट्ने छ। यस परिदृश्यमा ऊर्जा क्षेत्र उत्सर्जन कम गर्नमा महत्वपूर्ण योगदान गर्ने क्षेत्र हुने वन मन्त्रालयले जनाएको छ। भू-उपयोग, भू-उपयोग परिवर्तन र वन क्षेत्रले पहिलो १० वर्षमा कार्बन हटाउन महत्वपूर्ण योगदान गर्नेछ। परिदृश्यले देखाएअनुसार यस क्षेत्रको कार्बन सोस्ने सम्भावना समयान्तरमा घट्दै जानेछ।

फलतःसन् २०३० पछि खुद कार्बन उत्सर्जन वार्षिक ११ प्रतिशतका दरले बढ्दै जाने मन्त्रालयको अपेक्षा छ। थप उपायमा आधारित परिदृश्यमा ऊर्जा क्षेत्रमा महत्वाकाङ्क्षी योजनाका साथसाथै चालु र थप कार्बन हटाउने योजनाले नेपालको खुद कार्बनडाइअक्साइड उत्सर्जन सन् २०२०-२०३० को अवधिमा शून्यभन्दा तल हुने र तत्पश्चात् २०३५ देखि २०४५ सम्म शून्यको नजिक रहने देखिन्छ।

# लोसपाका नेतालाई खुल्ला हृदयले स्वागत गर्न तयार छौं : अध्यक्ष यादव

**राजु विश्वकर्मा**
जनकपुर, २५ पुस (रासस)।

जनता समाजवादी पार्टी(जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता विगतको समीक्षा गरी फर्किन चाहे आफुहरू स्वागत गर्न तयार रहेको बताउनुभएको छ। जनकपुरधाममा बुधबार आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष यादवले भन्नुभयो, “विगतको समीक्षा गरी पुनःपार्टी एकता गर्न लोसपाका नेता आउनुभयो भने हामी हृदयदेखि नै उहाँहरूलाई स्वागत गर्न तयार छौं।”

“फुटेर होइन जुटेर जानु अहिलेको आवश्यकता हो, त्यसैले हामी उहाँहरूलाई विगतको समीक्षा गरी एकतालाई फर्किन आग्रह गर्दछौं”, अध्यक्ष यादवको भनाइ थियो। “हिजो पार्टी किन फुटाइयो ? विभाजनले कसलाई फाइदा भयो ? त्यसको समीक्षा गर्नु जरुरी छ”, अध्यक्ष यादवले भन्नुभयो, “पार्टी विभाजनको कुनै औचित्य थिएन, यसबाट उहाँहरूलाई त फाइदा भएन्।” उहाँले भन्नुभयो, “त्यसैले यी कुराको समीक्षा गरी उहाँहरू आउनुभयो भने हामी खुल्ला हृदयले स्वागत गर्न चाहन्छौं, हामी खुल्ला छौं”।

लोसपालाई सरकारमा सहभागी गराउने तयारी भइरहेको छ, यदी लोसपा सरकारमा आयो भने तपाईंहरू के गर्नुहुन्छ ? सञ्चारकर्मीको जिज्ञासामा अध्यक्ष यादवले भन्नुभयो,“ लोसपा सरकारमा आयो भन्ने हामी स्वागत गर्छौं, सहयात्रा गरेर अघि बढ्छौं।”

पाँच दलीय गठबन्धन आगामी प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा पनि कायम रहने जिकिर गर्नुहुँदै उहाँले लोकतन्त्रको रक्षा, राजनीतिक स्थायित्व र लोकतन्त्रलाई मजबुत बनाउन गठबन्धनलाई अझै कायम राख्नुपर्नेमा जोड दिनुभयो।

“गठन्धन गर्दा कुनै दललाई कहिले काँही घाटा हुन्छ, कहिले नाफा हुन्छ”, उहाँले भन्नुभयो, “सिटको नाफा र घाटाको हिसाब गरेर गठबन्धन गर्ने होइन, मुख्य त लोकतन्त्रको रक्षा, राजनीतिक सङ्कटको निकास र लोकतन्त्रको मजबुतीका लागि गठबन्धन गरेर जाने हो। त्यसैले तत्काल पाँच दलीय गठबन्धन भत्किदैन, अझै प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनसम्म गठबन्धन कायम रहन्छ”, उहाँको दावी थियो।

नागरिकताको आभावमा ठूलो सङ्ख्यामा नागरिक मताधिकारबाट बञ्चित भइरहेको भन्दै उहाँले अहिलेकै प्रतिनिधिसभाको बैठकबाट नागरिकतासम्बन्धि विधेयक पारित गरी नागरिकताविहिनलाई नागरिकता उपलबध गराउनुपर्ने बताउनुभयो।

सरकारले ल्याएको सङ्घीय निजामति ऐनको विधेयक लामो समयदेखि अलपत्र पर्दा सङ्घीय प्रणाली कार्यान्वयनमा समस्या भइरहेको उहाँले उल्लेख गर्नुभयो।

जनसङ्ख्याको आधारमा संसदीय निर्वाचन क्षेत्र पुनःनिर्धारणको माग गर्नुहुँदै अध्यक्ष यादवले जनगणनाअनुसार तराई मधेशको जनसङ्ख्या ५३ प्रतिशत पुगेकाले सोही अनुपातमा तराई मधेशका जिल्लामा निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने बताउनुभयो।

अहिलेको निर्वाचन प्रणाली असाध्यै खर्चिलो र बेथितिपूर्ण रहेकाले निर्वाचन प्रणालीमा परिमार्जन गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले यही निर्वाचन प्रणाली रहिरहे राजनीति धैरै महँगो हुने र त्यसले मुलुकको राजनीतिक व्यवस्था नै धरापमा पर्ने चेतावनीसमेत दिनुभयो।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# राजविराजमा प्रभु इन्स्योरेन्स लिमिटेडको उपशाखा



**दैनिक समाचारदाता**
**राजविराज, २५ जेठ ।**

राजविराजमा बुधबार प्रभु इन्स्योरेन्स लिमिटेड उपशाखाको उद्घाटन गरिएको छ । सो उपशाखको राष्ट्रियसभा सदस्य शेखर कुमार सिंहले रिबन काटी उद्घाटन गरेका हुन् ।

विमा समितीबाट इजाजत प्राप्त उक्त लिमिटेडका मुख्य कार्यकारी अधिकृत संचित बज्राचार्यले राजविराजमा ५६ औं शाखा विस्तार गरिएको जानकारी दिए । उनले मुख्य शेयरधनीको रुपमा प्रभु ग्रूप र कर्मचारी संचयकोष रहेको जानकारी दिए ।

कार्यक्रममा लिमिटेडका सुचना प्रविधी प्रमुख निलहरी नेपाल, सहायक महाप्रबन्धक समिर तामांग, बरिष्ठ प्रबन्धक कुमार खत्रीले पनि बोल्दै विमाको पहुँच नभएको क्षेत्रमा पुगी सबै क्षेत्र र वर्ग सम्म विमासेवाको पहूच पुऱ्याउने उदेश्यले शाखा विस्तार गरिदै लगिएको बताए ।

***सांसदद्वारा...***

रासायनिक मलको अभाव पूर्ति गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद भुवनबहादुर सुनार, मदनकुमारी शाह (गरिमा) र युवराज शर्माले मुलुकको समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

# श्रीमानको हत्या आरोपमा पक्राउ

सप्तरी, २५ जेठ (रासस) ।

श्रीमानको हत्या घटनामा संलग्न रहेको आरोपमा एक महिला पक्राउ परेकी छिन् । हत्या आरोपमा रूपनी गाउँपालिका-१ रूपनी चोक बस्ने ३८ वर्षीय मो.नजिर मियाँ पक्राउ परेको एक महिनापछि बिष्णुपुर गाउँपालिका-५ कट्टी टोलकी इनरवतीदेवी महतो पक्राउ परेकी हुन् ।

इनरवतीका श्रीमान् ५० वर्षीय रामसुन्दर महतोको गत असोज ८ गते हत्या भएको थियो । महतोको शव शम्भुनाथ नगरपालिका-१ स्थित खाँडो खोला नजिक रहेको सार्वजनिक पोखरीमा असोज ९ गते फेला परेको थियो । मृतकका छोरा जितेन्द्रले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए ।

घटना लगत्तै शङ्का लागेर पक्राउ परेकी इनरवतीविरुद्ध ठोस प्रमाणको अभावमा प्रहरीले तत्काल छाडेको थियो । "मोबाइल फोनको कल डिटेल्स (सिडिआर) रिपोर्टका आधारमा इनरवतीलाई घटनालगत्तै प्रहरीले अनुसन्धानका लागि नियन्त्रणमा लिएर बयान लिएको थियो", जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक माधवप्रसाद काफ्लेले भन्नुभयो, "ठोस प्रमाण विना हत्या घटनाका सहयोगीविरुद्ध अभियोजन दायर गर्दा मुख्य अभियुक्तसमेत सजिलै छुट्ने अवस्था हुन्थ्यो, तसर्थ मुख्य अभियुक्त पक्राउ गरेपछि तत्काल छाडिएकी महतोकी श्रीमतीलाई पुनःपक्राउ गरेका हौं ।"

गाँजाकै सङ्गतले महतो र मियाँको मित्रता बढेको थियो । मियाँ जनतान्त्रिक तराई मुक्ती मोर्चा गोईत समूहमा आबद्ध थिए । विभिन्न निर्माण कम्पनीका ठेकेदार तथा धनाढ्य व्यक्तिलाई फोन गरी धम्काई चन्दा असुली गर्ने कार्यमा मियाँ सरिक रहेको प्रहरीको अनुसन्धानले देखाएको छ । बिष्णुपुर-७ बाट एक थान पेस्तोल र गोईत समुहको मोर्चाको पर्चा पम्प्लेटसहित मियाँ पक्राउ परेर छुटेका थिए ।

लुकिछिपी मोर्चाको भूमिगत गतिविधि गर्न मियाँले महतोको घरलाई आश्रयस्थलका रूपमा प्रयोग गर्थे । सोही क्रममा महतोकी श्रीमतीसँग मियाँको चिनजान भएको थियो । महतो भोज भतेरमा खाना बनाउने काम गर्थे । घटनाका दिन बिहान महतोलाई खाना बनाउन मियाँ र डाक्नेश्वरी नगरपालिका-७ ब्रह्मपुरका रोशन साहले घरबाटै बोलाएर लगेका थिए ।

निर्वाचनको मुखमा भारतबाट नेपाल प्रवेश गरेको सूचना पाएपछि मियाँ गत वैशाख २३ गते पक्राउ परेका थिए । इनरवती एक महिनापछि गाउँबाटै पक्राउ परेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरिक्षक काफ्लेले बताउनुभयो ।

# निःशुल्क विद्युतीय चुलोका लागि विद्यार्थीसँग आवेदन माग

काठमाडौँ, २५ जेठ (रासस) ।

सरकारले निःशुल्क विद्युतीय चुलो वितरणका लागि विद्यार्थीसँग आवदेन माग गरेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले बुधबार सूचना प्रकाशित गर्दै लोपोन्मुख आदिवासी जनजाति तथा दलित विद्यार्थीलाई निःशुल्क रूपमा बाँड्नका लागि आवेदन माग गरेको हो ।

सरकारले काठमाडौँ बाहिरबाट उपत्यकामा आई कोठा भाडामा लिई स्नातक र स्नातकोत्तर तहमा अध्ययन गर्ने लोपोन्मुख आदिवासी जनजाति तथा दलित वर्गका विद्यार्थीलाई एलपी ग्यासको बढ्दो मूल्यको समस्यामा राहतको महसुस गराउन र विद्युतीय चुलोको प्रवर्द्धन गर्न चुलो वितरण गर्न थालेको हो ।

केन्द्रले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शिक्षण संस्थाको सिफारिस र विद्यार्थी परिचयपत्र प्रतिलिपि तथा लोपोन्मुख आदिवासी जनजाति एवं दलित वर्ग खुल्ने परिचयपत्रको प्रतिलिपिसहित आगामी असार ९ गतेसम्म आवेदन दिन माग गरेको छ ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**



## गर्मी एवं बर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

औलो(मलेरिया),डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

**यसबाट बच्न,**

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*